# शारदा नगरपालिकाको कार्यालय

## नगर कार्यपालिकाको कार्यालय

खलंगा, सल्यान कर्णाली प्रदेश, नेपाल

## आशयपत्र माग सम्बन्धी सूचना !

सूचना प्रकाशित मिति : २०७६।०५।०२

नेपाल सरकार र स्वीस सरकारबीच भएको सम्झौता अनुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस सल्यान जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र (सूचना तथा परामर्श केन्द्र) सञ्चालन गर्न तथा शारदा नगरपालिका, बागचौर नगरपालिका, बनगाड कुपिन्डे नगरपालिका र छत्रेश्वरी गाउँपालिकामा सचेतीकरण कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालनमा सहयोग पुर्‍याउनका लागि सञ्चालन हुन गइरहेको सुरक्षित आप्रवासन कार्यक्रम (**Safer Migration Project**) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन इच्छुक नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशयपत्र (**Expression of Interest**) आह्वान गरिएको छ ।

योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्रमा तर अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयमा शारदा नगरपालिकाको कार्यालय, खलंगा, सल्यानमा आइपुग्ने गरी निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सूचीकरणको आधार एवं अन्य थप आवश्यक जानकारीहरु शारदा नगरपालिकाको वेभसाइट (http://www.shaaradamun.gov.np/en) बाट डाउनलोड गर्न सकिनेछ ।

**१. आशयपत्रदाताको योग्यता :**

- संस्था दर्ता तथा नवीकरण प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र र आ.व. २०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
- अनुभव : कम्तिमा पाँच वर्ष अगाडि दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।
- प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

२. प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय : कम्तिमा तीन वर्ष परामर्श सेवा प्रदान गर्नुपर्नेछ ।

३. संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिनेछ ।

४. आशयपत्रदाताले आशयपत्र साथ आशयपत्रको नमूनामा उल्लेख भए बमोजिम कागजातहरु पेश गर्नुपर्नेछ ।

५. आशयपत्र पेश गर्ने स्थान : शारदा नगरपालिकाको कार्यालय, खलंगा, सल्यान ।

६. आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ । उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाही गरिने छैन ।

७. सुरक्षित आप्रवासन सम्बन्धी परामर्श सेवा एउटै परामर्शदाताबाट लिनुपर्नेछ ।

८. यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्थासँग उप-सम्झौता (**Sub–Contract**) गर्न पाइने छैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालसँग उपसम्झौता गर्न यो बुँदाले बाधा पुर्‍याउने छैन ।

थप जानकारीका लागि सम्पर्क ठेगाना र सम्पर्क व्यक्ति : शारदा नगरपालिकाको कार्यालय खलंगा, सल्यान
सम्पर्क नं. ०८८-५२०४३८ सम्पर्क व्यक्ति : केशव बहादुर बुढाथोकी ९८६६९७७७२६

**प्रमुख प्रशासकीय अधिकृत**